लुम्बिनी प्रदेश सरकार
कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
कपिलवस्तु

फोन नं. :०७६-५६००६३
ईमेल : akckapilvastu@gmail.com

पत्र सख्याः२०८३/०८४
च.न.

मितिः-२०८३।०७।१०

मौसम पूर्वानुमान सम्बन्धी सूचना

नेपाल मौसम विज्ञान विभाग,मौसम पूर्वानुमान महाशाखाबाट जारी बुलेटिन(मिति २०८३ कात्तिक १० गते बिहान ८:०० बजे) अनुसार २०८३।०७।११ गते बुधवार देखि बादल लाग्ने र २०८३।०७।१२ गते बिहिवार देखि २०८३।०७।१४ गते शनिवार सम्म वर्षा हुने पूर्वानुमान रहेकोले धानवाली भित्र्याउने लगायतका कृषि कार्य बिहिवार अगावै गर्न वा सो अवधिपछि गर्न र पानीको निकासको व्यवस्थापन गर्न सम्बन्धित कृषक तथा सरोकारवालाहरुलाई सुसुचित गरिन्छ ।

०८३/०६/१०
घनश्याम चौधरी
प्रमुख (अधिकृत स्तर दशौं)

नेपाल सरकार
नेपाल मौसम विज्ञान विभाग
मौसम पूर्वानुमान महाशाखा
मौसम पूर्वानुमान बुलेटिन (Weather Forecast Bulletin)
जारी मिति: २०८३ कार्तिक १० गते बिहान ०८:०० बजे

मौसम विश्लेषण
हाल देशमा पश्चिमी वायुको आंशिक प्रभाव रहेको छ।

हाल मौसमको अवस्था:
हाल देशका हिमाली र पहाडी भू-भागमा मौसम मुख्यतया सफा रहेको छ। तराई भू-भाग तथा उपत्यका र खोँचहरूमा बिहानपख केही स्थानमा हुस्सु/कुहिरो लागेको छ।

२०८३ कार्तिक १० गते (मंगलबार)
दिउँसो: कोशी, मधेश र बागमती प्रदेशमा आंशिक बादल लाग्नेछ। देशको बाँकी भूभागमा मौसम मुख्यतया सफा रहनेछ।
राति: देशभर आंशिक बादल लाग्नेछ ।

२०८३ कार्तिक ११ गते (बुधबार)
दिउँसो: देशभर साधारणतया बादल लाग्नेछ । देशका हिमाली भू-भागका एक-दुई स्थानमा हल्का सम्मको वर्षा/हिमपातको सम्भावना छ ।

राति: देशभर साधारणतया बादल लाग्नेछ । देशका हिमाली भू-भागका थोरै स्थानमा मध्यम सम्मको वर्षा/हिमपातको सम्भावना छ । कोशी र बागमती प्रदेशका पहाडी भू-भाग, मधेश प्रदेश तथा कोशी प्रदेशको तराई भू-भागका एक-दुई स्थानमा मध्यम सम्मको वर्षाको सम्भावना छ ।

२०८३ कार्तिक १२ गते (बिहीबार)
दिउँसो: कोशी, मधेश, बागमती, र गण्डकी प्रदेश लगायत कर्णाली र सुदूरपश्चिम प्रदेशको हिमाली भू-भागमा साधारणतया बादल लाग्ने छ । बाँकी भू-भागमा आंशिक बादल लाग्नेछ । देशका हिमाली भू-भागका थोरै स्थानमा मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना रहको छ । कोशी, मधेश, बागमती प्रदेशको थोरै स्थानमा, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशको एक दुई स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना रहेको छ

राति: देशभर साधारणतया बादल लाग्नेछ । कोशी, मधेश, बागमती, गण्डकी, लुम्बिनी प्रदेशका धेरै स्थान, कर्णाली र सुदूरपश्चिम प्रदेशको केही स्थानमा मेघगर्जन चट्याङ्ग सहित मध्यम सम्मको वर्षा/हिमपातको सम्भावना छ । कोशी, बागमती र गण्डकी प्रदेशको हिमाली र पहाडी भू-भागका एक-दुई स्थानमा भारी वर्षा/हिमपातको तथा लुम्बिनी प्रदेशको पहाडी र तराई भू-भागका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना छ ।

२०८३ कार्तिक १३ गते (शुक्रबार)
देशभर अधिकांश बादल लाग्नेछ । कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका अधिकांश स्थान, कर्णाली र सुदूरपश्चिम प्रदेशको धेरै स्थानमा मेघगर्जन चट्याङ्ग सहित मध्यम सम्मको वर्षा/हिमपातको सम्भावना छ । कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशको थोरै स्थानमा तथा कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली र पहाडी भू-भागका एक-दुई स्थानमा भारी वर्षा/हिमपात सम्भावना छ । कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशको एक-दुई स्थानमा धेरै भारी वर्षा/हिमपातको पनि सम्भावना रहेको छ ।

२०८३ कार्तिक १४ गते (शनिबार)
देशभर अधिकांश बादल लाग्नेछ । कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका अधिकांश स्थान, कर्णाली र सुदूरपश्चिम प्रदेशको केही स्थानमा मेघगर्जन चट्याङ्ग सहित मध्यम सम्मको वर्षा/हिमपातको सम्भावना छ । कोशी, मधेश बागमती, गण्डकी र लुम्बिनी प्रदेशको थोरै स्थानमा, तथा कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली र पहाडी भू-भागका एक-दुई स्थानमा भारी वर्षा/हिमपात सम्भावना छ । कोशी, मधेश बागमती, गण्डकी र लुम्बिनी प्रदेशको एक-दुई स्थानमा धेरै भारी वर्षा/हिमपातको पनि सम्भावना रहेको छ ।

चेतावनी तथा परामर्श:
आगामी तीन दिनका लागि कुनै मौसमी चेतावनी छैन। तथापि, कार्तिक १२ गते (बिहीबार) देखि कार्तिक १४ गते (शनिबार) सम्म कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका अधिकांश स्थान, कर्णाली र सुदूरपश्चिम प्रदेशको धेरै स्थानमा मेघगर्जन चट्याङ्ग सहित मध्यम सम्मको वर्षा/हिमपातको सम्भावना छ । कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशको थोरै स्थानमा भारी देखि धेरै भारी वर्षा/हिमपातको सम्भावना रहेको छ । कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली र पहाडी भू-भागका एक-दुई स्थानमा भारी वर्षा/हिमपातको सम्भावना रहेकोले धुनबाली भित्र्याउने लगायतका कृषि कार्य बिहीबार अगाडी नै गर्नु हुन, तथा उच्च पहाडी तथा हिमाली क्षेत्रहरुमा भारी हिमपात, हिम आँधि तथा हिम पहिरोको पनि जोखिम रहेकोले उच्च सतर्कता अपनाउनु हुन तथा पर्यटकहरू उच्च हिमाली भू-भागमा नजानु हुन, गएको भएपनि उक्त अवधिमा सुरक्षित ठाँउमा रहनु हुन् अनुरोध छ। यस बाहेक चिसो बढ्न सक्ने तथा जोखिमयुक्त स्थान, सडक छेउछाउ पहिरो जान सक्ने, सडक तथा हवाई यातायात लगायत दैनिक जनजीवन प्रभावित हुन सक्ने भएकोले आवश्यक सतर्कता अपनाउनुहुन तथा पूर्व तयारी गर्नु हुन सर्वसाधारण तथा सबै सरोकारवाला निकायहरूमा अनुरोध छ।

मौसम सम्बन्धी थप जानकारीका लागि सम्पर्क राख्नुहोला :
मौसम पूर्वानुमान महाशाखा, नेपाल मौसम विज्ञान विभाग
बबरमहल, काठमाडौं
फोन: ११५५(१)

चेतावनी / परामर्श नक्सा
जारी मिति: २०८३ कार्तिक १० गते (मंगलबार) बिहान ०८:०० बजे

२०८३ कार्तिक १० गते (मंगलबार)




२०८३ कार्तिक ११ गते (बुधबार)



२०८३ कार्तिक १२ गते (बिहीबार)



२०८३ कार्तिक १३ गते (शुक्रबार)



२०८३ कार्तिक १४ गते (शनिबार)

